धनगढी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
फोन नं.:- ०९१-५२०७३३
Email : info@dhangadhimun.gov.np
website : dhangadhimun.gov.np

प.सं. :- २०८१।०८२
च.नं. :-२५७

मिति :- २०८२।०२।०४

**विषय : फिफा फुटबल फर स्कुल कार्यक्रमका लागि आवेदन सम्बन्धमा।**

श्री सामुदायिक तथा संस्थागत विद्यालयहरु सबै,
धनगढी उपमहानगरपालिका, कैलाली।

प्रस्तुत विषयमा अखिल नेपाल फुटबल संघ, सातदोबाटो, ललितपुरको मिति २०८२।०२।०१ को विश्व फुटबल महासंघ (फिफा) को कार्यक्रम अनुसार अखिल नेपाल फुटबल संघ (एन्फा) को आयोजनामा विभिन्न विद्यालयहरुमा अध्ययनरत बालबालिकाहरुको लागि शिक्षा, व्यक्तित्व विकास र सशक्तिकरणमा टेवा पुऱ्याउने उद्देश्यका साथ सञ्चालन हुने **FIFA Football For School (F4S)** कार्यक्रमा निम्ति पुन: आवेदन फाराम खुल्ला गरिएको हुँदा उक्त कार्यक्रममा सहभागिताका लागि संलग्न योग्यता तथा मापदण्ड पुगेका इच्छुक विद्यालयहरुलाई मिति २०८२ जेठ ८ गतेभित्र आवेदन फाराम भरी निम्न ईमेलमा उपलब्ध गराई दिनु हुन अनुरोध भन्ने पत्र र पत्रसाथ संलग्न **F4S कार्यक्रमका लागि विद्यालयहरुको लागि मापदण्ड** र **F4S Application Form** यसैसाथ संलग्न गरिएको छ। सो बाट विष्तृत व्यहोरा अवगत गरी आवश्यक कार्यार्थका लागि अनुरोध छ।

..............................
जयश्री जैशी
शिक्षा अधिकृत

**बोधार्थ तथा अवगतार्थ :**
श्रीमान् नगर प्रमुखज्यू : जानकारीका लागि सादर अनुरोध।
श्रीमान् नगर उपप्रमुखज्यू : जानकारीका लागि सादर अनुरोध।

"स्वास्थ्यको लागि खेलकुद, राष्ट्रको लागि खेलकुद"

# अखिल नेपाल फुटबल संघ

(फिफा/ए.एफ.सि. र रा.खे.प. बाट मान्यता प्राप्त)

पंकज बिक्रम नेम्वाङ्ग
अध्यक्ष

किरण राई
महा-सचिव

मिति २०८२/०२/०१ गते

## सुचना !

श्री सामुदायिक तथा संस्थागत विद्यालयहरुलाई सुचना ।

फिफा फुटबल फर स्कुल कार्यक्रमका लागि आवेदन सम्वन्धमा ।

विश्व फुटबल महासंघ (फिफा)को कार्यक्रम अनुसार अखिल नेपाल फुटबल संघ (एन्फा)को आयोजनामा विभिन्न विद्यालहरुमा अध्ययनरत वालवालिकाहरुको लागि शिक्षा, व्यक्तित्व विकास र सशक्तिकरणमा टेवा पुर्‍याउने उद्देश्यका साथ सञ्चालन हुने **FIFA Football For School (F4S)** कार्यक्रमका निम्ति पुनः आवेदन फारम खुल्ला गरिएको हुँदा उक्त कार्यक्रममा सहभागीताको लागि संलग्न योग्यता तथा मापदण्ड पुगेका इच्छुक विद्यालयहरुलाई मिति २०८२ जेष्ठ ८ गते भित्र आवेदन फारम भरी निम्न ईमेलमा उपलब्ध गराईदिनुहुन अनुरोध छ ।

साथै **FIFA Football For School (F4S)** कार्यक्रमको मापदण्ड र आवेदन फारम एन्फाको वेबसाईट https://the-anfa.com(https://the-anfa.com/downloads?General=1)बाट डाउन्लोड गरी मिति २०८२ जेष्ठ ८ गते सम्म आवेदन फारम भरी निम्न ईमेलमा उपलब्ध गराईदिनुहुन समेत अनुरोध गर्दछु ।

आवश्यक जानकारीका लागि
पंकज बहादुर शाही - एन्फा ग्रासरुट हेड (९८४११५६०८२)
Email : anfatechnicaldivision2018@gmail.com

(किरण राई)
महासचिव

## F4S कार्यक्रमका लागि विद्यालयहरूको लागि मापदण्ड

इच्छुक विद्यालयहरूले फिफा फुटबल फर स्कूल (F4S) का लागि अखिल नेपाल फुटबल संघ ( ANFA) मा विस्तृत जानकारी पेश गरेर आवेदन दिन सक्छन् । आवेदनमा विद्यालयको फुटबल कार्यक्रम, सुविधाहरू, प्रशिक्षण तालिका, र फुटबल प्रशिक्षकको उपलब्धता/योग्यताहरू बारे विवरणहरू समावेश हुनुपर्छ । इच्छुक विद्यालयले एन्फालाई प्रस्ताव पेश गर्नुपर्छ र निम्न मापदण्डहरूको पालना गर्नुपर्छ ।

### १. योग्यता मापदण्ड

कार्यक्रमको लागि योग्य हुन, सामुदायिक तथा संस्थागत विद्यालयहरुले निम्न मापदण्डहरू पुरा गर्नुपर्नेछ तथा पेश गरेको आवेदनमा निम्न जानकारी/कागजात समावेश हुनुपर्नेछ :

- विद्यालयको पूरा नाम, आधिकारिक ठेगाना (जिल्ला र प्रदेश सहित) र दर्ता नम्बर
- लक्षित विद्यार्थीहरूको कुल संख्या, निम्न उमेर समुहहरूमा विभाजन गरिएको हुनुपर्नेछ: ४ देखि ७, ८ देखि ११, र १२ देखि १४
- विद्यालयमा शारीरिक शिक्षा सिकाउन योग्य शिक्षक कम्तिमा १ जना हुनुपर्ने,
- विद्यालयले यस कार्यक्रमलाई पाठ्यक्रम र/वा अतिरिक्त क्रियाकलापहरूमा समावेश गरिनेछ भन्ने कुराको प्रतिवद्धता पत्र विद्यालयको लेटरप्याडमा हस्ताक्षर सहित पेश गर्नुपर्ने ।
- विद्यालयमा प्रशिक्षण र खेलका लागि उपयुक्त खेल मैदान फुटबल/फुटसल मैदान हुनुपर्ने ।
- विद्यालयले त्यस क्षेत्रमा ग्रासरुट फुटबलको प्रवर्द्धन र विकास गर्न अखिल नेपाल फुटबल संघ ( एन्फा) मा ग्रासरुट फुटबल विभागसँग र संबन्धित जिल्ला फुटबल संघ संग सहकार्य गर्नुपर्ने ।
- माथि उल्लेखिल मापदण्ड पुरा गरेका विधालयहरुले यसैसाथ संलग्न फारम भरी १५ दिन भित्र एन्फामा पृश गर्नुपर्नेछ ।

### २. कार्यक्रम आवश्यकताहरू

योग्यता मापदण्ड पूरा गर्नुको अतिरिक्त, विद्यालयहरूले निम्न आवश्यकताहरू पूरा गर्नुपर्छ:

i. प्रशिक्षण: विद्यालयको फुटबल कार्यक्रममा हप्तामा कम्तिमा एक पटक नियमित प्रशिक्षण सत्रहरू समावेश हुनुपर्छ । यी प्रशिक्षण सत्रहरूले उमेर समूहका लागि उपयुक्त फुटबल प्रविधिहरूका साथै आधारभूत जीवन सीपहरू विकास गर्नमा केन्द्रित हुनुपर्छ ।

ii. खेलहरू: विद्यालयको फुटबल कार्यक्रमले विद्यार्थीहरूलाई संगठित खेलहरूमा भाग लिने अवसरहरू प्रदान गर्नुपर्छ । न्यूनतममा, विद्यालयले मासिक आधारमा उमेर सुहाउँदो (१V१, ३V३, ५V५, ७V७) खेलहरू आयोजना गर्नुपर्छ, जसले विद्यार्थीहरूलाई उनीहरूको सीपहरू प्रतिस्पर्धात्मक वातावरणमा लागू गर्न अवसर दिन्छ ।

३. छनौट तथा आवेदन मूल्याङ्कन प्रक्रिया

विधालयको छनौट तथा आवेदनको मूल्याङ्कन राष्ट्रिय संचालन समिति (NSC) ले गर्नेछ । मूल्याङ्कन प्रक्रियाले निम्न चरणहरू समावेश गर्नेछः

- कागजात समीक्षाः विद्यालयहरूले योग्यता मापदण्डमा माग गरेका सबै सुचना र सान्दर्भिक कागजातहरू पेश गर्न आवश्यक हुनेछ ।

४. **मूल्याङ्कन मापदण्डः** NSC ले छनौटका लागि विधालयमा फुटबल पुर्वाधार/सुविधाहरूको गुणस्तर, प्रशिक्षक, ग्रासरुट कार्यक्रम संचालन गरेको पुर्व अनुभव, तथा विधालय र स्थानिय जिल्ला फुटबल संघ संगको सहकार्यका आधारमा मूल्याङ्कन गर्नेछ । साथै विधालयको समग्र व्यवस्थापन, र विद्यार्थीहरूको विकास र सहभागितामा पर्ने प्रभावका आधारमा विद्यालयहरूको मूल्याङ्कन गर्नेछ । विधालय छनौटको अन्तिम अधिकार NSC र एन्फामा रहनेछ ।

५. अनुगमनः

NSC तथा ANFA ग्रासरुट फुटबल विभागले छनौट भएका विद्यालयको प्रदर्शन तथा कार्यक्रकको प्रभावकारीता प्रमाणित गर्न आवधिक भ्रमण र निरीक्षण गर्ने अधिकार सुरक्षित गर्दछ ।

६. निष्कर्ष

यस मापदण्डले विद्यालयहरूलाई FIFA Football for School (F4S) कार्यक्रममा भाग लिनको लागि विस्तृत रूपरेखा प्रदान गर्दछ । योग्यता मापदण्डहरू पूरा गरेर र कार्यक्रम आवश्यकताहरू पूरा गरेर, विद्यालयहरूले बालबालिकाहरुको जिवनकौशल सम्बन्धि ज्ञान तथा फुटबल प्रतिभाको प्रवर्द्धन गर्न र यस क्षेत्रमा ग्रासरुट फुटबलको विकासमा योगदान दिन आफ्नो प्रतिबद्धता प्रदर्शन गर्न सक्छन् ।

# F4S Application Form

FIFA
FOOTBALL FOR SCHOOLS

## School Information

| | | |
|---|---|---|
| School's Name (विद्यालयको नाम) | | |
| Address (ठेगाना) | | |
| District/Province (जिल्ला/प्रदेश) | | |
| Registration No. (if applicable) (दर्ता नं) | | |
| Contact Info **(School)** (सर्म्पक जानकारी विद्यालय) | ***Phone:*** | ***Email:*** |
| Contact Info **(Principle)** (सर्म्पक जानकारी प्रधानध्यापक) | ***Phone:*** | ***Email:*** |
| Contact Info **(Coach/physical education teacher)** (सर्म्पक जानकारी प्रशिक्षक/शारिरीक शिक्षा शिक्षक) | ***Phone:*** | ***Email:*** |

## Student's Info

| | | |
|---|---|---|
| No of Total Students (जम्मा विद्यार्थी संख्या) | ***Girls:*** | ***Boys:*** |
| Age 4 to 7 (४ देखि ७ वर्ष) | ***Girls:*** | ***Boys:*** |
| Age 8 to 11 (८ देखि ११ वर्ष) | ***Girls:*** | ***Boys:*** |
| Age 12 to 14 (१२ देखि १४ वर्ष) | ***Girls:*** | ***Boys:*** |

## Facilities (tick the best answer)

| | | |
|---|---|---|
| Does the school have a football/futsal Ground (के विद्यालयको खेल मैदान छ) | Yes | No |
| If yes, who owns the ground(छ भने कस्को स्वामित्वमा छ) | School | Others...................... (please specify) |
| If contract/agreement(यदी सम्झौता/करार भएमा) | Validity (करार अवधि) | |
| Does the school have a coach/physical education teacher(विद्यालयमा प्रशिक्षक/शारीरीक शिक्षा शिक्षक हुनुहुन्छ) | Yes | No |
| If yes, please share the details(हुनुहुन्छ | Name: | Phone: |

All Nepal Football Association
https://the-anfa.com/
Satdobato, Lalitpur, Nepal
+977-1-5201060

# F4S Application Form

FIFA
FOOTBALL FOR SCHOOLS

भने विस्तृत विवरण दिनुहोस)

Email:

*Send the form to the anfatechnicaldivision2018@gmail.com*

All Nepal Football Association
https://the-anfa.com/
Satdobato, Lalitpur, Nepal
+977-1-5201060